# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ७४) काठमाडौं, कार्त्तिक २५ गते, २०८१ साल (अतिरिक्ताङ्क ३८(क)**

# भाग ४

## राष्ट्रपतिको कार्यालयको

### सूचना १

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल अजरबैजानको बाकु सहरमा आयोजना हुने जलवायु परिवर्तन सम्बन्धी पक्ष राष्ट्रहरुको २९ औं सम्मेलन (29th UN Climate Change Conference- COP29) को अवसरमा आयोजना हुने World Leaders Summit मा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संवत् २०८१ साल कात्तिक २५ गते (तद्नुसार १० नोभेम्बर, २०२४) आइतबारका दिन त्यस तर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा राष्ट्रपतिबाट सम्पादन हुने कार्य नेपालको संविधानको धारा ६७ को उपधारा (२) बमोजिम सम्माननीय उपराष्ट्रपतिबाट सम्पादन गरिने भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले नेपालको संविधानको धारा १२९ उपधारा (२) बमोजिम न्याय परिषद्‌को सिफारिसमा देहाय बमोजिमका मुख्य न्यायाधीशलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

| क्र.सं. | नाम, थर | पद र अदालत |
|---|---|---|
| १ | श्री नृपध्वज निरौला | मुख्य न्यायाधीश, उच्च अदालत पाटन |
| २ | श्री नित्यानन्द पाण्डेय | मुख्य न्यायाधीश, उच्च अदालत तुलसीपुर |

**आज्ञाले,**
**नारायणप्रसाद शर्मा दुवाडी**
**सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।